

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३११ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०७९ मंसिर २४ गते शनिबार ❑ 10 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा आपत्कालीन उद्धार अभ्यास

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ मंसिर**

अंग्रेजी नयाँ वर्ष पारेर आगामी पुस १७ गतेदेखि सञ्चालनमा ल्याउन लागिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा आपत्कालीन उद्धार अभ्यास गरिएको छ । पोखरा अन्तर र्ष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयले शुक्रबार विमानस्थलमा विमानस्थल सञ्चालन ल्याउनुअघिको कार्यअन्तर्गतको आपत्कालीन उद्धार अभ्यास गरेको हो ।

नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी, स्वास्थ्यकर्मीलगायत गरी छ सय जना उद्धार अभ्यासमा सहभागी भएको पोखरा अन्तर र्ष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयका प्रवक्ता अनुप जोशीले बताउनुभयो । उहाँका अनुसार यस्तो खालको उद्धार अभ्यास हरेक दुई-दुई वर्षमा गर्ने गरिए पनि विमानस्थल सञ्चालनमा ल्याउनुअघि



पहिलोपटक गरिएको हो । जोशीले भन्नुभयो, ‘विमानस्थलमै जहाज दुर्घटना भएको अवस्थामा उद्धारका कामलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भनेर पूर्वअभ्यास गरिएको हो । घटनापछि त्यसलाई कसरी ‘ ह्याण्डल’ गर्ने र जनधनको क्षति कमका लागि यस्ता अभ्यासले सघाउ पुग्दछ ।’ पोखरा अन्तर र्ष्ट्रिय विमानस्थलमा यान्त्रिक उडान (क्यालिब्रेसन फ्लाइट) गत मङ्सिर ५ गतेदेखि १२ गतेसम्म गरिएको थियो । यान्त्रिक उडान परीक्षणको प्रतिवेदन प्राप्त भइनसकेको प्रवक्ता जोशीले बताउनुभयो ।

विमानस्थल सञ्चालनको चुनौतीका रूपमा रहेको रिठ्ठेपानीडाँडा कटानको काम सुरु भए पनि ल्याण्डफिल साइट स्थानान्तरण अझै हुनसकेको छैन । रिठ्ठेपानीको ४० मिटरमध्येमा १४ मिटर काटिसकिएको र बाँकी अवधिमा सबै काम सम्पन्न हुने विश्वास रहेको प्राधिकरणले जनाएको छ ।

पोखरा महानगरले विमानस्थल नजिकको ल्याण्डफिल साइट हटाउने प्रतिबद्धता जनाए पनि अझै सोही स्थलमै फोहोरमैला विसर्जन हुँदै आएको छ । महानगरले ल्याण्डफिलका लागि महानगरका विभिन्न वडामा स्थान खोजी गरे पनि टुङ्गोमा पुग्न सकेको छैन । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल चिनियाँ निर्माण कम्पनी सिएएमसीईले निर्माण गरेको हो । यसअघि गत वर्ष चीनका विदेशमन्त्री वाङ यीको नेपाल भ्रमणका अवसरमा विमानस्थल नेपाललाई हस्तान्तरण गरिएको थियो । त्यसबेलामा विमानस्थलको केही काम सम्पन्न हुन बाँकी थियो ।

चीनको एक्जिम बैंकको रु २२ अर्ब सहुलियतपूर्ण ऋण र अनुदान सहयोगमा विमानस्थल निर्माण गरिएको हो । विमानस्थलका लागि विसं २०३२ मा जमिन अधिग्रहण गरिए पनि चार दशकपछि बल्ल निर्माण सुरु भएको थियो । विसं २०७३ मा विमानस्थलको शिलान्यास गरिएकामा विसं २०७४ देखि निर्माण सुरु भएको हो ।

## केन्द्रीय कार्यालय विस्तार कार्यका लागि सम्झौता

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ मंसिर**

पोखरा विश्वविद्यालयको बृहत् गुरूयोजनाअन्तर्गत निर्माण हुन लागेको केन्द्रीय प्रशासनिक भवन विस्तार, विश्वविद्यालय परिसरमा पर्खाल तथा प्रवेशद्वार निर्माण एवं जग्गा विकासका लागि सम्झौता गरिएको छ ।

विश्वविद्यालयका उपकुलपति प्रा डा प्रेमनारायण अर्यालको उपस्थितिमा विश्वविद्यालयका तर्फबाट रजिष्ट्रार प्रा डा दीपकबहादुर भण्डारी र निर्माण व्यवसायीका तर्फबाट अधिकृत प्रतिनिधि सुरेश गौतमले शुक्रबार सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो । पोखरा महानगरपालिका-३०, कास्कीमा अवस्थित विश्वविद्यालय परिसरभित्र अवस्थित दुई तले केन्द्रीय प्रशासनिक भवनमा दुई तला थपका साथै पर्खाल, प्रवेशद्वार, रजत स्तम्भ, जग्गा विकास (आन्तरिक बाटो, फुटपाथ, जलनिकास, बगैंचा र पार्किङस्थल आदि निर्माण) का लागि छनौट भएको एल.जि.ए. कन्स्ट्रक्सन, कोटेश्वर, काठमाडौं र पोखरा विश्वविद्यालयबीच सम्झौता गरिएको हो ।

आगामी पुस १ गतेदेखि निर्माण सुरू भई १५ महिनाभित्र सम्पन्न हुने निर्माण कार्यको सम्झौता लागत रु ११ करोड ८४ लाख ९८ हजार आठ सय १० रूपैयाँ छ । सम्झौतामा उल्लेख भएबमोजिम एक सय १४ रोपनी जग्गाको विश्वविद्यालय परिसरभित्रको ‘ए’ ब्लकमा रहेको हालको केन्द्रीय प्रशासनिक भवनलाई परिमार्जन र लिफ्टसहित दुई तला थप गरी चार तलाको बनाउने, प्रशासनिक भवन अगाडि रजत स्तम्भ निर्माण गर्ने, केन्द्रीय प्रशासनिक भवन र परीक्षा नियन्त्रण कार्यालयको पर्खालमाथि एक मिटर उचाइको चेनबार लगाइने छ । उक्त पर्खालभित्र जोडेर चार किल्ला वरिपरि पाँचफुटको फुटपाथ निर्माण गर्ने, मूल प्रवेशद्वार निर्माण गर्ने तथा पर्खालभित्रको पार्किङस्थल र बगैंचालाई व्यवस्थित गरिने जनाइएको छ । त्यस्तै विश्वविद्यालय परिसरभित्रको ‘बि’ ब्लकस्थित खेलमैदानलाई व्यवस्थित गर्न चेनबार भएको पर्खालसहित प्रवेशद्वार निर्माण गर्ने र ‘सि’ ब्लकस्थित प्राज्ञिक भवन कम्प्लेक्सको उत्तरतर्फ सहायक प्रवेशद्वार निर्माण गरिनेछ । ‘डी’ ब्लकमा विश्वविद्यालयको शिक्षण अस्पताल निर्माणको अन्तिम चरण रहेको र त्यही ब्लकमा पोखरा विश्वविद्यालय सम्बन्धन प्राप्त कलेजहरूको सङ्गठन ‘ ओपेन’ द्वारा अत्याधुनिक अन्तर र्ष्ट्रियस्तरको अनुसन्धान केन्द्र निर्माण भइरहेको विश्वविद्यालयका सूचना अधिकारी लोकप्रसाद ढकालले जानकारी दिनुभयो ।

## मध्यविन्दु अस्पताललाई सय शैयाको गराउन माग

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ मंसिर**

नवलपुरको मध्यविन्दु अस्पतालको स्तरोन्नतिका लागि अस्पताल व्यवस्थापनले गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई ध्यानाकर्षण गराएको छ ।

अस्पतालका अध्यक्ष बालकृष्ण घिमिरे नेतृत्वको टोलीले मुख्यमन्त्रीलाई शुक्रबार भेटेर अस्पतालको स्तरोन्नतिका साथमा भौतिक संरचना निर्माणका लागि ध्यानाकर्षण गराएको हो । मुख्यमन्त्री पोखरेलले अस्पतालको स्तरोन्नतिका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा विश्वबन्धु बगालेलाई निर्देशन दिनुभयो । अस्पताललाई एक सय शय्याको बनाउने, भौतिक संरचना थप्ने, डायलासिस सेवा विस्तार गर्ने लगायतमा माग आएको र ती सबै मागका विषयमा प्रक्रिया अगाडि बढाउन मुख्यमन्त्रीले निर्देशन दिनुभयो ।

हाल १५ शय्याको स्वीकृति पाएको अस्पतालमा ५५ शय्या सञ्चालनमा छ । बिरामीको चाप धान्न कठिन भएको भन्दै सय शय्या अनुमतिका लागि प्रदेश सरकारसँग अनुरोध गरिएको अध्यक्ष घिमिरेले बताउनुभयो । अस्पतालमा एक सय २५ कर्मचारी कार्यरत छन् । तीमध्ये ३२ जना मात्र सरकारी दरबन्दीका छन् । अस्पतालमा गत साता मात्र चारवटा डायलासिस मेसिन जडान गरिएको छ । तीमध्ये एउटा जगेडामा राख्नुपर्ने भएकाले तीनवटा मेसिनबाट सेवा प्रवाह हुँदै आएको छ । जसबाट प्रत्येक दिन तीनजनाको मात्र डायलासिस हुने गरेको छ । यसो गर्दा सातामा जम्मा नौजनाको पालो आउनेछ । अस्पतालमा डायलासिस गर्न ६५ जना बिरामीको नाम सूचीकृत रहेको र थप बिरामीलाई सेवा दिन कम्तीमा १० वटा मेसिन आवश्यक रहेको उहाँले बताउनुभयो । डायलासिस बेड प्रदेश आपूर्ति केन्द्रले उपलब्ध गराउने प्रतिबद्धता गरिसकेको भन्दै उहाँले थप छवटा मेसिन उपलब्ध गराउन मुख्यमन्त्री पोखरेलसँग आग्रह गर्नुभयो ।

मेसिन सञ्चालनका लागि कावासोती र मध्यविन्दु नगरपालिकाका साथै हुप्सेकोट गाउँपालिकाले समेत सहकार्य गर्ने जनाएको अध्यक्ष घिमिरेले बताउनुभयो ।

जर्मन संस्था र नेपाल सरकारको संयुक्त लगानीमा अहिले भवन बनिरहेको र त्यसलाई पूरा गर्न करिब चार करोड बजेट आवश्यक रहेको भन्दै त्यसका लागि समेत अस्पतालले माग गरेको छ ।

## कन्या क्याम्पसको ३१ औं बार्षिकोत्सव सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ मंसिर**

कन्या क्याम्पस पोखराको ३१औं बार्षिकोत्स विहीवार एक कार्यक्रमको आयोजना गरी सम्पन्न गरिएको छ ।

क्याम्पस सञ्चालक समितिख अध्यक्ष योगेन्द्र प्रधानको अध्यक्षतामा आयोजित कार्यक्कममा हिला शिक्षामा मात्र केन्द्रित रहि धैरै गुणस्तरिय तथा दक्ष जनशक्तिको उत्पादनमा क्याम्पसको योगदान रहेको बताए । क्याम्पसका प्रमुख अतिथी त्रिभुवन विश्वविद्याल यव्यवस्थापन संकायका डीन प्रा.डा. डिल्लीराज शर्माले क्याम्पसको गुणस्तर अभिबृद्धि नै आजको आवश्यकता रहेको बताए । साथै बर्तमान अवस्थामा सहशिक्षालाई जोड दिन उपयुक्त हुने तर्क दिए । क्याम्पसको व्यवस्थित भौतिक पूर्वाधार समेत रहेकोले थप नयाँकार्यक्रम सञ्चालन गर्दै अगाडी बढ्न शुभकामना दिएका थिए ।

कन्या क्याम्पस पोखराकाक याम्पस प्रमुख सुरेस कुमार मानन्धरले क्याम्पसको बार्षिक गतिबिधीको जानकारी दिदै यस बर्ष क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तरको प्रमाणपत्र हासिल गर्न सफल भएको जानकारी गराउँदै क्याम्पस आफै विश्वविद्यालयको रुपमा जाने मार्ग खुलेको बताए ।

कालिका पव्लिकक्याम्पसका क्याम्पस प्रमुख ज्योतिबाबु पौडेल, कन्या क्याम्पस पोखराका संस्थापक क्याम्पस प्रमुख प्राध्यापक सुरेन्द्र बहादुर भारीजु, प्राध्यापक संघ सभापति डा. भूमिराज बस्ताकोटी, छात्रा कल्याण समिति संयोजक मता शाह लगायतका वक्ताहरुले शुभकामना मन्तव्य राखेका थिए । कन्या क्याम्पस पोखरामा प्रत्येक तहमा उत्कृष्ट नतिजा हासिल गर्ने



छात्राहरुलाई नगद पुरुस्कार लगायत क्याम्पसमा स्थापित विभिन्न दाताहरुको अक्षयकोषको व्याज रकमबाट ३८ जना छात्राहरुलाई रु ४ लाख७१ हजार ८ सयबराबरको छात्रवृत्तिप्रदान गरिएको थियो । सोही अबसरमा समाजसेवी अनुज बास्तोलाले टिकाराम बाँस्तोला अक्षयकोषको नाममारु. ५ लाख रुपैयाको अक्षयकोष स्थापना गर्नुभएको थियो । त्यसैगरी दाता पुष्पादेवी श्रेष्ठबाट रु२ लाख ५१ हजार तथा सञ्चालक समिति सदस्य शिवलाल मल्ल बाट रु १ लाख रकमपहिलेको अक्षयकोषमा थपहुने गरीआजको कार्यक्रममा हस्तान्तरण गरेका थिए । बार्षिकोत्सवको अबसरमा क्याम्पसमा क्याम्पस प्रशासन तथा छात्राकल्याण समितिद्वारा सञ्चालित सप्ताहव्यापी अन्तरकक्षा भलिबल प्रतियोगिता, कबिता लेखन तथा वाचन प्रतियोगिता, बक्तृत्वकला प्रतियोगिता, म्युजिकल चेयर जस्ता कार्यक्रमका बिजेताहरुलाई पुरुस्कार तथा सम्मानपत्र प्रदान गरिएको थियो । साथै क्याम्पसको बार्षिकोत्सवको अवसरमा कन्याक्याम्पस प्राध्यापक संघको आयोजनामा कास्की जिल्ला अवस्थित अन्तर सामुदायिक क्याम्पस छात्रा भलिबल प्रतियोगिता आयोजना गरिएकोमा प्रथम हुन सफल कन्या क्याम्पस पोखरा, द्धितिय हुन सफल जनप्रिय बहुमुखी क्याम्पस तथा तृतियहुन सफल बिन्दवासिनी क्याम्पसका छात्राहरुलाई सिल्ड, नगद, मेडल तथा प्रमाणपत्र प्रदान गरेका थिए । कन्या क्याम्पस छात्रा कल्याण समितिका सह संयोजक बी.एड. दोश्रो बर्षका छात्रा अन्जली गिरीलाई स्टुडेन्ट अफ द इयर घोषणा गरि सम्मानपत्र, नगद तथा मायाको चिनो प्रदानगरिएको थियो । क्याम्पस सञ्चालक समितिका सदस्य शीबलाल मल्लले सम्पूर्ण उपस्थित अतिथीहरुलाई धन्यबाद व्यक्त गर्नुभएको थियो । छात्राहरुबाट नृत्य तथाबिभिन्न प्रतिभाहरु समेत प्रस्फुटन गरिएको उक्त कार्यक्रमलाई क्याम्पसका सहायक क्याम्पस प्रमुख चित्रबहादुर श्रेष्ठ तथा छात्राद्धय सुप्रिया कुँवर र एलिसा सुबेदीले सञ्चालन गरेका थिए । कार्यक्रममा छात्राहरु, प्राध्यापक कर्मचारी, अभिभावक, संघसंस्था प्रतिनिधीलगायत सरोकारवालाहरुको उपस्थिति रहेका थिए ।


**धुम्रपान नगरौं,**
**स्वस्थ जीवन बाँचौं**

◆ धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सर लगायतका दीर्घकालिन रोग लाग्न सक्छ ।
◆ आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं ।
◆ कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
◆ धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं ।
◆ धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ । त्यसैले,
धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# एग्रो टुरिजम सहकारीको विरौटा सदस्य सेवा केन्द्र सञ्चालनमा

पोखरापत्र संवाददाता
पोखरा, २३ मंसिर

पोखरा महानगरपालिका वडा नं ३३ ठुलढुङ्गाचोक, गण्डकीवेसी प्रधान कार्यालय भएको एग्रो टुरिजम सहकारी संस्था लिमिटेडले आजदेखि विरौटा सदस्य सेवा केन्द्र सञ्चालनमा ल्याएको छ।

सेवा केन्द्रको एक कार्यक्रमकाबीच गण्डकी प्रदेशका भुमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री चन्द्रबहादुर बुढाले उद्घाटन गर्नुभयो।




कार्यक्रममा मन्त्री बुढाले आर्थिक समृद्धिका लागि उत्पादनसँग जोडिनु बर्तमानको आवश्यकता भएको बताउँदै सहकारीले कृषि र पर्यटनलाई जोड्ने लक्ष्यका साथ अघि बढाएको योजनाको सफलताको कामना गर्नुभयो । सहकारीका अध्यक्ष डिल्लीराम बराललले सहकारीले उत्पादनसँग जोडिदै आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य लिएको बताउनुभयो । सहकारीले कृषि एम्बुलेन्स सञ्चालनको लक्ष्य लिएको बताउँदै उहाँले एक सहकारी एक उत्पादनको योजना अनुसार उत्पादित बस्तुको बजारीकरणमा पनि जोड दिइएको बताउनुभयो । उहाँका अनुसार संस्थाको सुरुको पूँजी चार करोड १२ लाख ५० हजार रुपैयाँ रहेकोमा शेयर सदस्य संख्या ४६७ जना रहेको छ। सहकारीका उपाध्यक्ष टीकाराम पौडेलले आँफूहरूको यो अभियान उत्पादन र पर्यटनलाई जोड्नु भएको बताउँदै यसबाट समृद्धि हासिल हुने विश्वास लिइएको बताउनुभयो् । उहाँले संस्थाले सहकारी नमुना ग्राम निर्माणको दीर्घकालीन लक्ष्य लिएको जानकारी गराउनुभयो।

कार्यक्रममा पोखरा महानगरपालिका वडा नं १७ का वडा अध्यक्ष राधिका शाही योगी, भरतपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष कृष्णप्रसाद अधिकारी, अग्रसर बचत तथा ऋण सहकारी संस्थाका रजनी कोइराला, निरा पोखरेल लगायतले बोल्नुभएको थियो।

# चेन हुई र पटेल जोडी आइटीएफ डबल्स विजेता

पोखरापत्र संवाददाता
पोखरा, २३ मंसिर

ताइपेइका चेन हुई हो र अमेरिकाका हानु पटेलको जोडीले पोखरामा जारी आइटीएफ जे-५ सर्किट-२ टेनिस प्रतियोगिता अन्तर्गत मेन्स डबल्समा प्रथम स्थान हाँसिल गरेका छन्।

शुक्रबार पोखरा रंगशालामा भएको फाइनल खेलमा ताइपेइका के हाउ हङ र काई एन याङको जोडीलाई ६-४, १-६ र सुपरटाईमा १०-५ ले पराजित गर्दै पटेल जोडी विजयी भएका हुन्।

नेपाल टेनिस संघको सहयोग तथा कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरामा जारी प्रतियोगिता अन्तर्गत महिला डबल्सतर्फ भारतका दुर्गान्सी कुमार र काइरा सिद्धार्थ चेत्नानीको जोडीले प्रथम स्थान हाँसिल गरे। फाइनल खेलमा नेपालकी रायना




शाह र भारतका स्निग्दा कान्तको जोडीलाई ६-२ र ६-० को सहज सेटमा जित निकाल्दै दुर्गान्सी जोडी विजयी भएको हो।

पुरुष एकलतर्फ भारतका बंश नन्दललाई ६-२, ६-३ ले पराजित गर्दै ताइवानका के हाउ हङले फाइनलमा स्थान बनाएका छन् । अमेरिकाका हानु पटेलले ताइपेइका केइ यन याङलाई ६-१, ६-१ को सोझो सेटमा पराजित गर्दै फाइनल पुगे। प्रतियोगिताको सिंगल्स फाइनल तथा समापन शनिबार विहान हुने आयोजक संघका अध्यक्ष लोक गुरुङ्गले जानकारी दिए।

# १३ औं नेसनल प्याब्सन खेलकुद महोत्सवमा कास्की मोड्नाइज च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, २३ मंसिर

१३ औं नेसनल प्याब्सन खेलकुद महोत्सवमा कास्की मोड्नाइज एकेडेमी च्याम्पियन भएको छ।

राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (एन प्याब्सन) कास्कीको आयोजनामा पोखरामा शुक्रबार सम्पन्न भएको १३ औं नेसनल प्याब्सन खेलकुद महोत्सव अन्तर्गत १ सय ६६ अंक सहित कास्की मोड्नाइज एकेडेमी च्याम्पियन भएको हो । कास्की मोड्नाइज एकेडेमीले सिनियर बास्केटवल छात्र तर्फ उपाधि, व्याडमिन्टन सिनियर छात्र तथा छात्रा तर्फ दोहोरो उपाधि, फुटवल सिनियर तथा जुनियर सेभेन ए साइड फुटवल प्रतियोगितामा र टेवल टेनिस सिनियर छात्र




तर्फ उपाधि जित्यो। त्यसै गरी कास्की मोड्नाइज एकेडेमीले एथ्लेटिक्स तर्फ ७ वटा इभेण्टमा प्रथम हुदै स्वर्ण पदक हात पार्न सफल भयो । कास्की मोड्नाइज एकेडेमीले एकल तथा सामुहिक खेलमा १३ वटा खेलमा जित हासिल गरेको हो । नेश्नल क्रियसन स्कुलले ४५ अंक ल्याउदै कास्की मोड्नाइज एकेडेमीलाई पछ्याएको थियो । यस्तै, एथलेटिक्सतर्फ हेम्जा बोर्डिङ स्कुलले ५० अंक सहित पहिलो, कास्की मोड्नाइज ४५ अंकसहित द्वितिय र चिल्ड्रेन एकेडेमी तृतिय भयो । त्यस्तै बास्केटबतर्फ कास्की मोड्नाइज प्रथम, न्यू ग्यालेक्सी बोर्डिङ स्कुल द्वितिय, त्रिवेणी बोर्डिङ स्कूल र लिटिल फ्लावर बोर्डिङ स्कुल तृतिय भए। मंसिर २० गते देखि पोखरामा संचालन भएको उक्त महोत्सवमा एन प्याब्सनमा आबद्ध ४६ बिद्यालयका करिब ७ हजार खेलाडीहरु सहभागि भएको एन प्याब्सन कास्कीका सचिव मानकाजी गुरुङले बताए।

उक्त कार्यक्रममा वोल्दै राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (एन प्याब्सन)का केन्द्रिय अध्यक्ष पाण्डब हमालले विद्यार्थी चौतर्फी विकासको मुलधार भएको भन्दै उनले शिक्षासँगै खेलकुदलाई सँगै जोडेर हेर्नपर्ने बताए । खेलमा उत्कृष्टतासँगै सहभागिता पनि त्यसको विजेता रहेको उनको भनाई थियो। एन-प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा खेलकुद महोत्सव सम्पन्न भएको छ।

# पत्रकार बञ्जारालाई सुशासन पत्रकारीता पुरस्कार

पोखरापत्र संवाददाता
पोखरा, २३ मंसिर

लामो समयदेखि खोज पत्रकारिता तथा अनुसन्धान मुलक पत्रकारीता गर्दै आएका पोखराका पत्रकार यदुनाथ बञ्जारा सुशासन पत्रकारीता पुरस्कार २०७९ बाट सम्मानित भएका छन्।

सराङकोट साप्ताहिक पत्रिकाका सम्पादक बञ्जारालाई पत्रकार महासंघ गण्डकीका सचिव एवम सूचनाको हकका लागि जिल्ला सञ्जाल कास्कीका अध्यक्ष समेत रहेका बन्जाराले देशान्तर साप्ताहिकबाट पत्रकारीता



शुरुवात गरेका थिए।

सुशासनका लागि नागरिक समाज(सुनास ) कास्कीले ई स्व लेख बहादुर गुरुङले स्थापना गरेका अक्षयकोषबाट सञ्चालन गरी हरेक वर्ष ९ डिसेम्बरका दिन प्रदान गरिँदै आएको छ। यस वर्ष ९ डिसेम्बर(मंसिर २३) का दिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पोखरा कार्यालयका प्रमुख पार्वती शर्मा सुनास कास्कीका अध्यक्ष रवीन्द्रनाथ बास्तोलाले संयुक्त रुपमा दोसल्ला र सम्मान पत्र र नगद राशी सहित पुरस्कार प्रदान गरेका थिए।

सुनास कास्कीका पूर्व अध्यक्ष्य चन्द्र कृष्ण कर्माचार्यको संयोजकत्वमा पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी र पत्रकार श्याम कुँवर सदस्य रहेको छनोट समितिले पत्रकार बन्जारालाई छनोट गरेका थिए । उक्त पुरस्कारबाट दीपक परियार, अर्जुन गिरी बासुदेव मिश्र यस अघि सम्मानित भइसकेका छन्।




प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# ‘विभेदकारी समायोजनले कर्मचारीमा समस्या’

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, २३ मंसिर**

नेपाल निजामति कर्मचारी युनियनले कर्मचारी मैत्री संघिय निजामति सेवा ऐन नआउदा कर्मचारीमा समस्या बन्न थालेको ठहर गरेको छ।

युनियनले नेपालको पहिलो स्याङ्जा स्थित् पर्यटकीय गाँउ शिरुवारीमा राखेको दोस्रो पुर्ण बैठकले मुलुक संघियतामा गएर पनि सरकारले कर्मचारी ऐन ल्याउनमा ढिलाई गर्दा कर्मचारीमा समस्या हुने ठहर गरेको हो । बैठकमा कर्मचारी समायोजन र निजामति ऐनका बिषयमा गम्भिर छलफल भएको युनियनका महासचिव जनक रावलले जानकारी दिए। संघियता पछि भएको कर्मचारी समायोजन विभेदकारी छ भन्ने हाम्रो ठहर छ उनले भने,‘आधिकारीक ट्रेडयुनियनले समेत यसमा आवाज नउठाउनु दुखद छ ।’ सरकारले कर्मचारीको समस्याको बिषयमा छिट्टै सम्वोधन गर्नुपर्छ उनले भने । विभेदपुर्ण समायोजनले नागरिकको सेवा प्रवाहमा समेत असर गरिरहेको छ रावलले भने,‘ यो बैठकले जतिसक्दो निजामति सेवा ऐन ल्याउन माग गर्दछ ।’ संघियतामा मुलुक प्रवेश गर्दा कर्मचारी ऐन ल्याउन ढिलाई हुँदा तहसनहस सिर्जना भएको छ उनले भने ।

पर्यटकीय गाँउको प्रवर्द्धन सगै नेपालको आर्थिक समृद्धिमा कर्मचारीको पनि महत्वपुर्ण भुमिका हुनाले युनियले पहिलो पर्यटकीय गाँउ शिरुवारीमा बैठक आयोजना गरिएको जनाएको छ। देशभरीबाट झण्डै ११० जना राष्ट्रसेवक कर्मचारीको सहभागिता रहेको सो बैठकले शिरुवारीलाई पर्यटन प्रवर्द्धन सिकाई केन्द्रको रुपमा विकसित गर्न पनि माग गरेको छ । बैठक पछि निकालिएको घोषणपत्रमा नागरिक र युनियनका कर्मचारी विच गहिरो सम्वन्ध, आवश्यकता र दुर्गम ठाँउमा स्वास्थ्य शिविर, कृषि शिविर लगायत प्रशासनीक शिविरहरु आयोजना गर्ने, नागरिकको समस्यालाई प्रभावकारी बनाई नागरिक मैत्री सेवा उपलब्ध गराउन पहलकदमी थाल्ने लगायतका बिषय उल्लेख गरिएको युनियनका उपाध्यक्ष तथा बैठक व्यवस्थापन समितिका संयोजक पुरन गुरुङ्ले बताए।

दुईदिन सम्म चलेको बैठकले देशको समसामयीक राजनीतिक बिषयमा पनि छलफल गरेको बताइएको छ। भर्खर देशभर आम निर्वाचन सकिएको छ उपाध्यक्ष गुरुङ्ले भने,‘अब बन्ने सरकारले कर्मचारी निजामति सेवा ऐन ल्याउने छ भन्ने विश्वस्थ छौं ।’ यो ऐन ल्याउन जति ढिला भयो त्यसको असर नागरीक सेवा प्रवाहमा पर्छ उनले भने । संघियता स्वरुपको ऐन नआउदा थप दरबन्दीमा विज्ञापनमा समेत समस्या हुने गुरुङ्ले बताए । संगठन बिस्तार सगै सुदृढिकरण र स्थानीयतहमा युनियनका कर्मचारीलाई सक्रिय बनाउने योजना अगाडी सार्ने बताइएको छ। कर्मचारी युनियनको विधानमा केही त्रुटीहरु रहेकाले तत्काल राष्ट्रिय भेला गरी विधान संशोधन गर्ने प्रस्ताव बैठकले पारित गरेको महासचिव रावलले बताए । कर्मचारी युनियनले केन्द्रीय बैठक शिरुवारी गाँउमा राखेर पर्यटन प्रवद्धनमा महत्वपुर्ण भुमिका खेलेको भन्दै शिरुवारी हामस्टे समितिले प्रशंसा गरेको छ।

# न्यानो बाँड्न पोखराबाट माडी

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ मंसिर**

बाक्लो कुहिरोले घाम छेक्दा चितवनको माडी नगरपालिकामा कठ्यांग्रिने चिसो हुन्छ। माडीलाई आफ्नो थातथलो बनाएका चेपाङ समुदाय आङ ढाक्ने न्यानो कपडा नहुँदा आगो तापेर बस्न बाध्य छन् । न्यानो कपडाकै अभावमा बालबालिका विद्यालय जानबाट बञ्चित छन् ।



जाडो यामममा माडीका विद्यार्थीलाई नियमित विद्यालय ल्याउन पोखराले न्यानो बाँडेको छ । पोखराका चार संस्थाले माडीका विद्यालयमा न्यानो कपडा वितरण गरेका हुन् । लायन्स क्लब अफ पोखरा लेकसाइड, लायन्स क्लब अफ पोखरा गार्डेन, लायन्स क्लब अफ पोखरा रानीवन र फ्रेन्ड्स अफ नेचर नेपालले गरिब तथा विपन्न विद्यार्थीलाई बिहीबार न्यानो कपडा वितरण गरेका हुन् ।

संस्थाले माडी–९ गोविन्दबस्तीमा रहेको श्री आधारभूत विद्यालय, गणेशकुञ्ज आधारभूत विद्यालय र माडी–६ मा रहेको मनमोहन बालग्राम आधारभूत विद्यालयमा २ सय २० जना विद्यार्थीलाई न्यानो कपडा वितरण गरे। न्यानो कपडा पाउनेमा स्थानीय चेपाङ, दलित र विपन्न विद्यार्थी थिए। श्री आधार भूत विद्यालयका प्रधानाध्यापक विश्वनाथ घिमिरेले ठन्डीकै कारण चेपाङ समुदायका बालबालिका हिउँदमा विद्यालय नआउने समस्या रहेको सुनाए । ‘जाडो ढाक्ने कपडा छैन। दिनभरि वनमा दाउरा खोजेर विहान बेलुका तापेर बस्नुपर्छ,’ उनले भने, ‘विद्यालय आउनुपर्ने विद्यार्थी दाउराको जोहो गर्न जानुपर्छ ।’ झण्डै एक–डेढ घण्टा टाढाबाट जंगलको बाटो हुँदै विद्यालय आउनुपर्दा जंगली जनावरको डर पनि उत्तिकै हुने उनले बताए।

कार्यक्रम संयोजक एवं लायन्स क्लब अफ पोखरा लेकसाइडका पूर्व अध्यक्ष नवराज अधिकारीले चार वर्षदेखि निरन्तर रुपमा माडीका विद्यार्थीलाई न्यानो कपडा वितरण गरिरहेको बताए। ‘यहाँका विद्यार्थी न्यानो कपडाको अभावमा विद्यालय नै नजाने स्थिति रहेको थाहा पाएपछि निरन्तर सहयोग गर्दै आएका छौं,’ उनले भने, ‘आगामी दिनमा पनि सहयोग जारी रहने छ ।’ न्यानो कपडा वितरण कार्यक्रमका अध्यक्ष एवं लायन्स क्लब अफ पोखरा लेकसाइडका प्रथम उपाध्यक्ष कीर्तिवल्लभ त्रिपाठीले विपन्न तथा सीमान्तकृत बस्तीमा लायन्सले सहयोग गर्न पाउँदा खुसी व्यक्त गरे । ‘जहाँ आवश्यकता त्यहाँ लायन्स भन्ने मन्त्रलाई आत्मसात गर्दै माडीमा आइपुगेका हौं,’ उनले भने, ‘ लायन्स सिंहको जस्तै ठूलो मुटु भएका व्यक्तिहरुको संस्था हो।’

उक्त अवसरमा क्लबका कोषाध्यक्ष कमलकुमार भुजेलले विद्यार्थीलाई जुत्ता, चप्पल खरिदका लागि श्री आधार भूत विद्यालयलाई १० हजार रुपैयाँ सहयोग गरे। न्यानो कपडा वितरण कार्यक्रमको स्थानीय संयोजन टीकाराम आचार्यले गरेका थिए। पोखराबाटै पुगेका लियो क्लबले विद्यार्थीलाई सरसफाइ सम्बन्धी प्रशिक्षण दिए।

# पोखरा विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानको तयारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ मंसिर**

बुध्द एयरले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने पहिलो अन्तर्राष्ट्रिय उडानको तयारी गरिरहेको छ।

बुध्द एयरले आगामी पुस १७ देखि सञ्चालनमा आउन लागेको पोखरा क्षेत्रीय अन्तर ाष्ट्रिय विमानस्थलबाट पहिलो अन्तर्राष्ट्रिय गर्न लागेको हो । यसका लागि कम्पनीले नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) समक्ष अनुमतिका लागि निवेदन दिएको छ । “पोखरा विमानस्थलबाट पहिलो अन्तर्राष्ट्रिय उडानका लागि हामीले तयारी सुरु गरिसकेका छौं, सबै तालमेल मिले पहिलो अन्तर्राष्ट्रिय उडान बुध्द एयरबाट हुनेछ”, बुध्द एयरका सूचना अधिकारी दीपेन्द्र कर्णले भन्नुभयो।

पोखरा विमानस्थलबाट बुध्द एयरले भारतका तीन गन्तव्य पोखरा–बनारस–पोखरा, पोखरा–दिल्ली–पोखरा र पोखरा–देहरादुन–पोखरामा उडान गर्ने योजना बनाएको छ। पोखरा विमानस्थलमा अन्तर्राष्ट्रिय उडान ‘सिङ्गल अप्रोच’बाट हुनेछ। विमानस्थलको पूर्वपट्टिबाट मात्रै अन्तर्राष्ट्रिय उडान र अवतरण हुनेछन् भने आन्तरिकतर्फ रन–वेको दुवैतर्फबाट उडान तथा अवतरण गर्न मिल्ने क्यानको भनाइ छ।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट उडानका लागि अन्तर्राष्ट्रिय विमान कम्पनीहरुले चासो देखाउन थालेका छन् । विमानस्थलबाट उडानका लागि भारतीय र चिनियाँ विमान कम्पनीले चासो देखाएको क्यानका प्रवक्ता जगन्नाथ निरौलाले बताउनुभयो।

विमानस्थलबाट नेपाली विमान कम्पनीहरु बुध्द एयर र हिमालय एयरलाइन्सले अन्तर्राष्ट्रिय उडान भर्ने तयारी गरिसकेका छन्। अन्तर्राष्ट्रियतर्फ कतारको जजिरा एयरवेजले पनि पोखरा विमानस्थलबाट उडानमा चासो व्यक्त गरेको छ।

विमानस्थलमा साना र ठूला गरी ११ वटा विमान पार्किङ गर्न सकिन्छ । आन्तरिकतर्फ दैनिक ४८ र अन्तर्राष्ट्रियतर्फ छ वटा उडान तथा अवतरण गर्ने क्यानको तयारी छ। विमानस्थलसँग वार्षिक आठ लाख यात्रुलाई सेवा दिनसक्ने क्षमता छ।

# ‘नेपाल क्यान्सर हस्पिटल’ले गर्‍यो पोखरामा क्यान्सर सम्बन्धी जनचेतनामूलक कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ मंसिर**

‘नेपाल क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टर’ हरिसिद्दि ललितपुरले पोखरामा क्यान्सर सम्बन्धि जनचेतनामूलक कार्यक्रम आयोजना गरेको छ।



पछिल्लो समय नेपालमा बढ्दै गरेको विभिन्न खालका क्यान्सर र त्यसको अबस्थाको बारेमा हस्पिटलका नाक, कान, घाँटी, तथा थाइराइड क्यान्सर विशेषज्ञ डाक्टर प्रभात चन्द्र ठाकुरले नेपालमा क्यान्सर रोग र समस्याको समाधान कसरी गर्ने भन्ने बारेमा सचेतना गराएका थिए। नेपाल क्यान्सर हस्पिटलले बिशेषतः समाजमा सानो भएपनि क्यान्सर सम्बन्धि चेतना जागोस् भन्ने हेतुले यो कार्यक्रमको आयोजना गरेको डा. ठाकुरले बताए । उनले समस्यामा परेका कतिपय बिरामीलाई हस्पिटल र आफुहरुले सक्दो सहयोग स्वरुप उपचार गरेको बताए।

नेपालमा पछिल्लो समय मुखको क्यान्सर धेरै बढेको बताउदै डा. ठाकुरले समयमै उपचार पाए डराउनु नपर्ने बताए। नेपालमै राम्रो उपचार हुदा हुँदै पनि २० देखि ३० प्रतिशत बिरामी हताशमा बाहिर जाने गरेको पनि डा. ठाकुरले बताए । उनले बिशेष सजग भएमा क्यान्सर लागेको खण्डमा पनि रोगलाई शुन्यमा झार्न सक्ने बताए।

यस्तै डा. ठाकुरले पछिल्लो समय थाइराइड क्यान्सरका घटना देखिने क्रम बढिरहेको बताए। उनले भने, ‘हुन त यो समस्या पहिचान र उपचारमा नयाँ–नयाँ प्रविधि विकास भएका कारणले पनि यस्तो भएको हुनसक्छ। विशेषगरी २५ देखि ४० वर्ष उमेर समूहका व्यक्तिमा क्यान्सर बढी पाइन्छ।

महिलामा वशांणुगत इतिहास, रोग प्रतिरोधात्मक क्षमतामा ह्रास, धुम्रपान, गर्भवती अवस्था, गलगाँड तथा घाँटीमा धेरै गिर्खा भएको अवस्था, क्यान्सर हुन सक्छ’ । डा. ठाकुरले नेपालमा पछिल्लो समय बिश्वकै राम्रो प्रबिधि भित्रिएको र आफुहरुले २०१७ देखि क्यान्सरको प्रत्यारोपण समेत सुरु गरेको बताए। सो अबसरमा उनले नाक, कान, घाँटी, मुख र थाइराइड क्यान्सरका डाक्टरहरुको संख्यामा पनि राम्रो भएको र उपचारमा सहज भएको बताए । हाल नेपाल क्यान्सर हस्पिटलमा डा. ठाकुर संगै हस्पिटलका सञ्चालक तथा कार्यकारी प्रमुख डाक्टर सुदिप श्रेष्ठ, हस्पिटलका निर्देशक डाक्टर विजेशराज घिमिरे एवम् हस्पिटलका रेडियो थेरापी चिफ डाक्टर निखाप्रासिको टिमले बिशेष क्यान्सर सम्बन्धि सेवा दिदै आएको छ । क्यान्सर लागेर पनि उपचार पश्चात् राम्रो भएका बिरामीहरुको समेत उपस्थित रहेको कार्यक्रममा नेपालमै राम्रो उपचार भएको र बिरामीहरुमा पनि जनचेतना जगाउनु पर्नेमा जोड दिइएको थियो।

यस्तै पोखराका नाक, कान, घाँटी, मुख एवम् थाइराइड क्यान्सर रोग बिशेषज्ञ डाक्टरहरु संग पनि हस्पिटलले क्यान्सर रोगलाई मध्यनजर गर्दै अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हस्पिटलका मार्केटिङ अफिसर सोयन साहले जानकारी दिए।

# नदीपुरमा महिला तथा पुरुष भलिवल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २३ मंसिर**

पोखरा ८ को यूनाइटेड पोखरा क्लवको आयोजनामा शुक्रबारदेखि पोखराको नदीपुर स्थित छन्त्याल समाजको भलिवल ट्रेनिङ सेन्टरमा महिला तथा पुरुष भलिवल प्रतियोगिता सुरु भएको छ।



यही मंसिर २७ गतेसम्म चल्ने प्रतियोगिताको उद्घाटन गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले राष्ट्रिय भलिवल रेफ्रि गणेश घिमिरेलाई बल हस्तान्तरण गरी गरेका हुन् । कार्यक्रममा बोल्दै मन्त्री बरालले युवा शक्तिले शिक्षाको साथमा खेलकुद र राजनीति तर्फ समेत चासो दिन आवश्यक भएको बताए। देशको बागडोर सम्हाल्ने राजनीतिलाई युवा शक्तिले राम्रोसंग नबुझ्दा देशमा दुर्घटना हुन सक्ने उनको भनाई थियो। क्लवका अध्यक्ष अनिल गुरुङको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा प्रतियोगिता संयोजक अमृत आचार्य, सचिव शरनसिंह विश्वकर्मा लगायतले वोलेका थिए। शुक्रबार भएको महिला तर्फको उद्घाटन खेलमा गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र पोखराले भकुण्डेको शान्त माविलाई पराजित गर्‍यो। त्यसै गरी शुक्रबार भएको अर्को खेलमा गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र पोखरालाई लामाचौर रातो समुहले पराजित गर्‍यो।

त्यसै गरी महिला तर्फको शुक्रबार भएको अर्को खेलमा अर्चलवोट भलिवल ट्रेनिङ सेन्टरले लामाचौर सेतो समुहलाई पराजित गर्‍यो । शुक्रबार पुरुष तर्फको भलिवल खेलमा गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र पोखराले अन्नपूर्ण भलिबल संघ, घान्द्रुकलाई पराजित गर्‍यो।

शनिबार पनि लिग चरणका खेलहरु हुने अध्यक्ष गुरुङले बताए। प्रतियोगितामा पुरुष तर्फ विजेताले १ लाख ११ हजार १ सय ११, उपविजेताले ६६ हजार ६ सय ६६ त्यसै गरी महिला तर्फ विजेताले ४४ हजार ४ सय ४४, उपविजेतालाई ३० हजार ३० रुपैयाको साथमा ट्रफी मेडल प्रमाण पत्र वितरण गरिने भएको छ। महिला तथा पुरुष तर्फ ६/६ टिमको सहभागिता रहेको क्लवले जनाएको छ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्म : १९९६/०८/ ३ गते

स्वर्गारोहण : २०७९/०८/१३ गते

स्व. सन्तमाया उदास

यस ज्ञान मार्ग स्वतन्त्र महिला समूहकी संस्थापक सदस्य **सन्तमाया उदास** को असामयीक निधन भएकोमा हामी अत्यन्त मर्माहित एवम् स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै आज १२ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**लक्ष्मी ताम्राकार**
**अध्यक्ष तथा**
**ज्ञान मार्ग स्वतन्त्र महिला समूह परिवार**
**नदीपुर, पोखरा-३**

# हिमालयन ग्लोरी इन होटल तथा थ्री सिक्स्टी स्काई लाउन्ज शुरु

पोखरापत्र संवाददाता
पोखरा, २३ मंसिर

डेढ दशकदेखि पोखराको पर्यटन क्षेत्रमा क्रियाशील पोखराकै प्रतिष्ठित 'चिल्ली ग्रुप'ले हिमालयन ग्लोरी इन प्रा. लि.होटल तथा थ्री सिक्स्टी स्काई लाउन्ज रेस्टुरेन्ट संचालनमा ल्याएको छ ।

पोखराको लेकसाइडस्थित हल्लनेचोकमा रहेको प्राली १२ करोड लगानीमा शुरु गरिएको समुहद्वारा पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । एउटै छाना मुनि बिभिन्न सुबिधा रहेको हिमालयन ग्लोरीको माथिल्लो तीन तलामा बनाइएको होटलमा वातानुकुलित बल्कानी सहित १५ कोठाहरु रहेका छन् । माथिल्लो दुई तलामा बनेको रेष्टुरेष्ट 'स्काई गार्डेन'को अवधारणा अनुरुप बनाइएको प्रालिका निर्देशक भिष्मराज पौडेलले जानकारी दिनुभयो । आधुनिक लिफ्ट




समेत जडान गरिएको भवनबाट फेवाताल, सराङकोट, शान्ति स्तुपा, पुम्दिकोट लगायत लेकसाइड वरपरको दृश्यावलोकन गर्न सकिन्छ । चाइनिज, कन्टिनेण्टल, थाई, इन्डियन, नेपाली खाना तथा बजारमा उपलब्ध सबै किसिमका पेय पदार्थ ककटेल, मक्टेलका परिकारहरुरेष्टुरेण्टमापाइनेपौडेलले बताउनुभयो । १६५ सिट क्षमता रहेको रेस्टुरेन्टमा ग्राहकको सहजताका लागि नेपालीपन झल्कने गरि मझेरी, भट्टी, दृश्यहल, भन्ज्याङ, पलेटी, कौशी, पालि, पानी फोहोरा, खुल्ला आकाश लगायत फरक फरक कक्षहरुको निर्माण गरिएको छ ।

झण्डै ४० जना अटने हल समेत रहेकाले सभा सेमिनारका लागि पनि यो स्थान उपयुक्त भएको प्रालिका अर्का निर्देशक विश्वराज पौडेलले पत्रकार माझ जानकारी दिनुभयो । सन २०१८ को अगस्ट देखि निर्माण सुरु हिमालयन ग्लोरी इन प्रा. लि. को सुरुवाती लागत करीब रु १० करोड अनुमान गरेको भएपनि निर्माणकार्य पुरा नहुँदै कोरोना संक्रमणका कारण निर्माण अवधि लम्बिदा लगानी बढेर १२ करोड पुगेको पौडेलले जनाउनुभयो ।

हरेक हप्ताको ३ दिन 'सोलो आर्टिष्ट'को सांगेतीक प्रस्तुती रहने रेष्टुरेण्ट परिसरमा हरियाली र बगैचा निर्माण गरिएको छ । होटलका कोठाको सजावटमा रहेका अधिकांश सामग्रीहरु ढाकाको कपडा, थान्का, नेपाली पेन्टीङ लगायतका नेपाली उत्पादनलाइ प्राथमिकता दिई प्रयोग गरिएको छ ।रेष्टुरेण्टमा स्वदेश तथा विदेशमा काम गरी अनुभव हासिल गरेका दक्ष कर्मचारीहरु रहेका प्रालीका कर्पोरेट म्यानेजर लेखनाथ पहारीले पत्रकार सम्मेलनमा जानकारी दिनुभयो ।

# व्यापार मेलामा बैंकहरुका आकर्षक योजनाहरु

पोखरापत्र संवाददाता
पोखरा, २३ मंसिर

बैंक तथा वित्तीय संस्थाहरु यतिबेला तरलता अभावबाट गुज्रिरहेका छन् । तरलता अभाव हटाउन बैंक तथा वित्तीय संस्थाहरुले निक्षेपमा ब्याज बढाएका छन् ।

तर, सोचेजस्तो निक्षेप संकलन भने भएको छैन । उता, अनुत्पादक क्षेत्रमा गरिने लगानीमा भएको कडाइले ती क्षेत्रमा गरिने लगानी संकुचित बनेको छ । यो परि स्थितिबाट बाहिर आउन बैंक तथा वित्तीय संस्थाहरुले नयाँ योजनाहरु भने अघि सारिरहेका छन् । भएकालाई सन्तुष्ट बनाउने र नयाँ ग्राहक थप्ने अघोषित प्रतिस्पर्धामा रहेका बैंकहरुले ग्राहक लक्षित विशेष योजनाहरु धमाधम सार्वजनिक गरिरहेका छन् । पोखरा उद्योग वाणिज्य संघले यहाँको नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा आयोजना गरेको समृद्धि स्टिल्स राष्ट्रिय औद्योगिक व्यापार मेलामा बैंक तथा वित्तीय संस्थाहरुका एक दर्जनभन्दा बढी स्टलहरु रहेका छन् । ती स्टलबाट बैंक तथा वित्तीय संस्थाहरुले साविक र नयाँ योजनाबारे जानकारीमात्र पस्केका छैनन्, ग्राहकका चाहनाहरु पनि बुझिरहेका छन् । मेलाको सह प्रायोजक हो, मुक्तिनाथ विकास बैंक । मुक्तिनाथ कृषि कम्पनी लिमिटेडमार्फत् कृषकहरुमाझ पुगेको यो कम्पनीले स्टलमार्फत् कम्पनीका बस्तु तथा सेवाहरुबारे जानकारी दिइरहेको फुड इन्जिनियर पूजा भण्डारीले जानकारी दिइन् । 'जनता बैंक हैन, बैंक जनताकहाँ जानुपर्छ' भन्ने नारासहित काम गरिरहेको बैंकले कृषकसँग मुक्तिनाथ, उपभोक्तासँग मुक्तिनाथ भन्ने योजनाहरुमार्फत् विभिन्न सुविधाहरु दिइरहेको उनको भनाइ थियो । 'बैंकले दिने अन्य सेवा सुविधा त भइहाले हामी प्राङ्गारिक खेती प्रवर्द्धन, कृषिको मूल्य श्रृंखला व्यवस्थापनमा पनि काम गरिरहेका छौँ',उनले भनिन्,' हाम्रा सेवाग्राही नै कृषक हुन् र कृषकलाई सहुलियतपूर्ण कर्जा प्रवाह गर्नु हाम्रो काम हो ।' नेपाल बैंक लिमिटेड पनि के कम ? पछिल्लो समय निजी बैंकहरुसँगको प्रतिस्पर्धामा आफूलाई अब्बल साबित गर्न बैंकले सहुलियतपूर्ण कर्जालाई उत्तिकै जोड दिएको छ । बैंकको पोखरा कार्यालयका वरिष्ठ सहायक पदम केसीका अनुसार मेलामा राखिएको स्टलबाट विभिन्न योजनाहरुबारे जानकारीमात्र दिइएको छैन,डिजिटल बैंकिङमार्फत् युवा ग्राहकसँग जोडिने अभियान चलाएको छ । उता, कृषि विकास बैंकले मेलामा राखिएको स्टलमार्फत् विभिन्न ५ वटा सेवा एउटै खाताबाट ५ थरी सेवासहित अनलाइन खाता खोल्ने अभियानलाई प्रचार गरिरहेको छ । बैंकका सूचना प्रविधि शाखाका इन्जिनियर सन्तोष गिरीका अनुसार मेलाको स्टलबाट निःशुल्क खाता खोल्ने काम भइरहेको छ । मेलामा रहेको स्टलबाट माछापुच्छ्रे बैंकले 'धेरै दिने भनेको आफ्नैले त हो' भन्ने नारासहित ६ वर्षे मुद्धति खातामार्फत् दोब्बर रकम दिने योजनालाई जोडतोडले प्रचार गरिरहेको छ भने राष्ट्रिय वाणिज्य बैंकले विश्वासिलो सेवालाई अझ बढी जनमुखी र प्रविधिमैत्री भएको जानकारी दिइरहेको छ ।

मेलामा स्टलसहित आफ्ना सेवा र सुविधाबारे जानकारी दिन बसेका एनएमबी बैंक, प्रभु बैंक,गरिमा विकास बैंक,एनआइसी एसिया,ग्लोबल आइएमई बैंकले मात्र हैन, अजोड इन्स्योरेन्स,रिलायबल लाइफ इन्स्योरेन्सले,शिवशिखर सहकारीले पनि आ-आफ्नो सेवाबारे ग्राहकलाई जानकारी दिइरहेका छन् । डिजिटल बैंकिङ कमा अग्रणी इसेवा प्रालिले मेलामार्फत् नै इसेवाको थप प्रचार गरिरहेको छ । 'पोखरा उद्योग वाणिज्य संघले आयोजना गरेको मेला खासमा प्रवर्द्धनमै केन्द्रीत छ',संघका अध्यक्ष पवनकुमार प्रजापतिले भने,'मेलामा स्टल राखेर विभिन्न बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना योजना र सेवाहरुबारे जानकारी दिनुभएको छ । मेला अवलोकनकर्ताले यसबाट फाइदा पाएका छन् ।' उनले नेपाल टेलिकमले निःशुल्क सिमकार्ड वितरण गरेको दृष्टान्त दिँदै भने,'बैंकले पनि निःशुल्क खाता र एटीएम सुविधा प्रदान गरेका छन्, मेला अवलोकन पनि गर्ने र बैंकका विभिन्न योजनाबारे जानकारी पनि लिन मेला उपयुक्त थलो बनेको छ ।' पोखरा उद्योग वाणिज्य संघको आयोजनामा संचालित मेला यही मंसिर २५ गतेसम्म चल्ने संघका महासचिव बलराम आचार्यले बताए ।

मेलाअन्तर्गत आयोजित सांस्कृतिक कार्यक्रममा शनिबार प्रजापति पराजुली र पशुपति शर्माको विशेष प्रस्तुति रहने भएको छ । मेलाको सांस्कृतिक उपसमिति संयोजक शोभा गौतमका अनुसार रत्यौली प्रतियागिता र डान्सिङ आइडलबाट पनि अवलोकर्ताले मनोरञ्जन प्राप्त गर्न सक्नेछन् ।

# प्याब्सन स्पोर्टस मिट फुटबल : सिनियर र जुनियरतर्फ गरी २० खेल सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २३ मंसिर

'१७ औं प्याब्सन स्पोर्टस मिट २०७९' अन्तर्गत पोखरामा सिनियर र जुनियर छात्रतर्फ फुटबल प्रतियोगिता अन्तर्गत शुक्रबार पहिलो चरणका २० खेल सम्पन्न भएका छन् ।

निजि विद्यालयहरुको छाता संस्था प्याब्सन कास्कीद्वारा आयोजित स्पोर्टस मिट अन्तर्गत शुक्रबार तेश्रो दिन फुटबलका प्रतिष्पर्धाहरु जारी रहेका हुन् । पोखराका तिन छुट्टा-छुट्टै खेल मैदानमा सञ्चालन भइरहेको प्रतियोगितामा सिनियरतर्फ १० टिम दोश्रो चरणमा प्रवेश गरेको प्याब्सन कास्कीका अध्यक्ष मथुरा प्रसाद पौडेलले बताए ।

सम्पन्न प्रतियोगिता अन्तर्गत सिनियरतर्फ गौरीशंकर खेल मैदानमा सम्पन्न भएको खेलमा स्टेप वाई स्टेपले पिकेजीलाई २-० ले, मेट्रोपोलिटानले अमर ज्योतीलाई ५-१ गोलले पराजित



गर्न सफल भएको प्याब्सन कास्कीले जनाएको छ । त्यस्तै सोही खेल मैदानमा भएको एक अर्को खेलमा डायमण्डले लिटिल स्टेपलाई ५-० को भारी गोल अन्तरले पाखा लगाएको छ भने रेन्वोले सोसल पब्लिकलाई २-० ले पराजित गर्दा म्यारी गोल्डले पोखरा लनर्सलाई ४-० को गोल अन्तरले पाखा लगाएको छ ।

सिनियरतर्फनै आदर्श क्लव खेल मैदान लेखनाथमा सम्पन्न खेलमा शिशु अल्याणले न्यू लाइटलाई १-० गोलले, एक्स आर्मीले न्यू ऐरालाई ५-२ गोलले, स्नो भ्यूले प्रगतीलाई ४-१ गोलले, सृजनाले नवदिपलाई ४-३ले, विन्ध्येश्वरीले हिमालयन माविलाई २-१ गोलले पराजित गर्दै दोश्रो चरणको यात्रा सहज बनाएका छन् । प्रतियोगिता अन्तर्गत जुनियर तर्फ शान्तीदिप खेल मैदानमा सम्पन्न खेलमा ग्लोबलले ज्ञानुबाबालाई ३-० ले, भाष्करले धौलागिरीलाई टाइ ब्रेकरमा ४-२ गोलले, नाभले टप्सलाई ५-० गोलले, मेट्रोपोलिटानले शिशु कल्याणलाई टाइ ब्रेकरमा ५-३ ले बेसलाइनले पोखरा एकेडेमीलाई टाइ ब्रेकरमा ५-४ गोलले पराजित गरेको छ । यता जुनियरतर्फको एक अर्को खेलमा भ्यू पोइन्ट पोखरा पब्लिक विच सम्पन्न जुनियरतर्फको फुटबलमा पोखरा पब्लिकले १-० गोलले जिते पनि प्रोटेष्टका कारण आयोजकले भ्यू पोइन्टलाई विजेता घोषणा गरेको छ । उक्त निर्णय तत्कालै न्यायिक समितिले गरेको प्याब्सन कास्कीले जनाएको छ ।

त्यस्तै जुनियरतर्फको अन्य खेलमा फेवाले लिटिल स्टेपलाई १-० ले, एक्स आर्मीले ज्योती कुञ्जलाई ५-० गोलले, मनकामनाले सरस्वतीलाई ३-१ ले र इडेन्सले गोल्डन नेचरलाई २-० गोलले पराजित गरेको छ ।

# लेखनाथ महोत्सवको तयारी तिव्र, ८५ प्रतिशत स्टल बुकिङ

पोखरापत्र संवाददाता
पोखरा, २३ मंसिर

लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको आयोजनामा आगामी पुस ७ गतेदेखि हुने '१८ औं लेखनाथ महोत्सव'को तयारीलाई तिव्र बनाइएको छ ।

पुसको १९ गतेसम्म सञ्चालन हुने महोत्सव अन्तर्गतका सम्पूर्ण उपसमितिले आ-आफ्नो जिम्मेवारी अनुसार काम गरिरहेको महोत्सवका संयोजक छबधर आत्रेयले जानकारी दिए । महोत्सवमा राखिने ३ सय ३८ वटा स्टल मध्ये ८५ प्रतिशत बुकिङ भइसकेको छ ।

महोत्सवमा पर्यटन प्रवर्द्धन र नयाँ उद्योगको प्रवर्द्धन गर्नका लागि निशुल्क स्टलको ब्यवस्था गरिने आयोजकले जनाएको छ । महोत्सवमा रेष्टुरेण्ट, हस्तकला, कृषी, अटो, रेडिमेट, वित्तिय संस्था, पर्यटन प्रवर्द्धन, सुचना प्रविधी र उद्योगका स्टलहरु रहने प्रचार प्रसार संयोजक राजेन्द्र ओझाले बताए । 'महोत्सव लेखनाथको संस्कृति, स्थानीय उत्पादन, विकास र सम्बृद्धि' भन्ने मूल नारामा साथ आयोजना गर्न लागिएको महोत्सवमा ३३७ स्टल रहने र २ लाख ५० हजार दर्शकले महोत्सवको अवलोकन गर्ने अपेक्षा गरिएको महासचिव उपेन्द्रराज सुवेदी राजुले जानकारी दिए । महोत्सवमा साहित्य, महिला विशेष, विद्यालयस्तरीय, सांस्कृतिक, आदिवासी, जनजाति विशेष कार्यक्रम, जैविक विविधता, कृषि तथा पशुपंक्षी प्रर्दशनी, सुचना प्रविधि, शैक्षिक प्रर्दशनी, हस्तकला, जातजातिहरुको सम्मानमा लोप हुन लागेका रितिरिवाज तथा संस्कृति झल्काउने उत्कृष्ट नृत्य प्रर्दशनी रहने छन ।

महोत्सवमा ख्याति प्राप्त हास्य व्यंग्य कलाकारहरुको दैनिक प्रस्तुति, बाल उद्यान, खाना महोत्सव, राष्ट्रिय लोक दोहोरी गीत, लाइभ म्युजिक कन्सर्ट थप आर्कषणका रुपमा रहने छन । १० करोड बराबरको आर्थिक कारोवार हुने अनुमान गरिएको महोत्सवमा ९५ लाख आम्दानी हुने र ८५ लाख खर्च भै १० लाख बचत हुने बताईएको छ ।

बचत रकमबाट प्रदर्शनी स्थल र संघको भवनको स्तरोन्नती, औद्योगिक क्षेत्रको निर्माणका लागि पहल एवम् सहयोग, कवि शिरोमणी लेखनाथ पौडयालको जन्मस्थल विकास र वेगनासताल, रुपाताल लगायतका पर्यटकिय स्थलहरुको प्रवर्द्धनको क्षेत्रमा खर्च गरिने योजना रहेको छ । महोत्सवको मुख्य प्रायोजकमा सगरमाथा ईन्स्योरेन्स कम्पनी लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक सह प्रायोजकको रुपमा रहेको छन् ।

# आत्रेय गोत्रिय पौडेलको कुलपूजा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २३ मंसिर

कास्कीको पोखरा महानगरपालिका वडा नं २५ हेमजा मुल थलो भएका आत्रेय गोत्रिय पौडेलहरुको कूलपूजा धान्य पूर्णिमाको दिन भव्य रुपमा सम्पन्न भएको छ ।

प्रत्येक तिन वर्षको अन्तरालमा हुने कुलपूजामा हेमजा मूल थलो भई बिभिन्न स्थानमा गई बसेका तथा बिभिन्न सेवा, पेशा र व्यवसाय लगायतका कारणबाट हाल स्वदेश तथा विदेशका विभिन्न भागमा बस्दै आएका १९० घरकुरिया यसपटकको कुलपूजामा सहभागी बनेको पौडेल कुल संरक्षण समितिका अध्यक्ष अध्यक्ष देवकृष्ण पौडेलले जानकारी दिनुभयो । नेपालको सुदुर पश्चिम को कैलाली देखी बांके बर्दिया सुर्खेत नवलपरासी, नवलपुर, चितवन, कास्की स्याङ्जा,तनहुँ देखीका आत्रेय गोत्रीय पौडेलहरुको सहभागितारहेको र कूलपूजालाई भव्य र सभ्य रुपमा सम्पन्न गर्नका लागि विभिन्न उपसमिति गठन गरिएकोमा उप समितिहरुले आ आफ्नो जिम्मेवारी अनुसार कार्यसम्पादन गरेको समितिका सचिव बिश्वराज पौडेलले जानकारी दिनुभयो । कुल पुजाको अवसरपारेर समितिले पौडेलहरूमा ८० वर्ष पूरा गर्नुभएका ज्येष्ठ नागरिकलाई सम्मान गरेको छ यस वर्ष सात जना सम्मानित बन्नुभएको छ ।सम्मानित हुनुहुनेमा उपस्थित मध्येबाट बुद्धिप्रसाद पौडेल हिमलाल ईवराज पौडेल, मुक्तिनाथ पौडेल, पूर्णकला पौडेल, टुकुमाया पौडेल, रहनुभएको समितिले जनाएको छ । पौडेल बन्धुहरुको जुम्लाको सिंजाको पौडी उद्गम स्थल भएको र बसाई सराई गर्दै हेमजाको तिब्रेकोटमा दत्तात्रय ऋषिको मन्दिर स्थापना गरी हेमजामा बसोबास गरेको पाइन्छ हेमजा लाई नेपालभरीकै पौडेलहरुको दोस्रो बसाई स्थान को रुपमा लिने गरिन्छ ।

# तनहुँमा सर्वाधिक राशिको पुरुष फुटबल प्रतियोगिता हुँदै

पोखरापत्र संवाददाता
तनहुँ, २३ मंसिर

व्यास नगरपालिका-१ भादगाउँस्थित दोभान युवा क्लबले जिल्लामा सर्वाधिक राशिको खुला पुरुष फुटबल प्रतियोगिताको आयोजना गरेको छ ।

यही मङसिर २९ देखि आगामी पुस ७ गतेसम्म दोस्रो दोभान तथा प्रथम राजेन्द्र स्मृति कप २०७९ आयोजना गरिएको जनाइएको छ । प्रतियोगितामा प्रथम हुनेलाई रु दुई लाख पाँच हजार पाँच सय ५५, दोस्रोलाई रु एक लाख १५ हजार पाँच सय ५५ सहित प्रमाणपत्र, मेडल र कप प्रदान गरिने क्लबका सचिव सुमन बस्नेतले जानकारी दिनुभयो । अनुशासित टोलीलाई रु आठ हजार, उत्कृष्ट डिफेन्डर, सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलरक्षकलाई रु पाँच हजारका दरले नगद तथा प्रमाणपत्रका साथमा मेडल प्रदान गरिनेछ । उत्कृष्ट खेलाडीलाई रु सात हजार पाँच सय र म्यान अफ द म्याचमा रु एक हजार पाँच सय तथा प्रमाणपत्र र मेडल प्रदान गरिनेछ । खुला सेभेन ए साइड पुरुष फुटबल प्रतियोगितामा १५ टोलीले दर्ता गरिसकेको क्लबका उपाध्यक्ष कृष्णबहादुर दरैले जानकारी दिनुभयो ।


## No Objection Letter हराएको सूचना

**यही मिति २०७९/०८/०२ गते सिद्धार्थ चोकबाट चिप्लेढुंगा जाँदै गर्दा मेरो निम्न ब्यहोरा भएको जिल्ला कास्की, पोखरा महानगरपालिका वडा नं. ४ घर भइ बस्ने शिशिर गोठाजुको नाममा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय बैदेशिक अध्ययन अनुमति शाखा काठमाडौंबाट जारी भएको निम्न विवरणको No Objection Letter हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।**

Name : Mr. Shishir Gothaju
Ref. No. : 787369474
Address : Pokhara Metropolitan-4, Kaski
Father or Mother's Name : Dharma Raj Gothaju/ Susma Gothaju
Subject : Accounting and Bookkeeping
Level : Certificate IV
Name of Institution: Sydney city college of Management
Country : Australia
Phone : 9806675409

## शिक्षक आवश्यकता

प्रकाशित मितिः २०७८/०८/२३

अन्नपूर्ण गा.पा. कास्कीको मिति २०७८/०८/२३ गतेको पत्र संख्या ०७९/८० च.न. ४०९ को पत्रअनुसार यस श्री भूमे आ. वि. मा रिक्त रहेको प्रा.वि. तह तृतीय श्रेणीको करार शिक्षक नियुक्तिको लागि विज्ञापन गर्न अनुमति प्राप्त भएकोले यस विद्यालयको मिति २०७८/०८/२१ गतेको वि.व्य.स.को बैठक निर्णय अनुसार यो विज्ञापन प्रकाशित गरिएको छ । तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट आवेदनको लागि अनुरोध गरिन्छ ।

**तपशिल**

विज्ञापन नं.: ०१-०७९/८०
पदः प्रा.वि. करार शिक्षक संख्याः १ जना
तलव स्केलः नेपाल सरकारको प्रचलित नियम सरह
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
योग्यताः न्यूनतम कक्षा १२ पास वा सो सरह
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

दरखास्त दिने अन्तिम मितिः २०७९/०९/०८ गते ४:०० बजेसम्म
निवेदन दस्तुरः रु १०००।-
परीक्षाको किसिमः लिखित र अन्तवार्ता
परीक्षा हुने स्थानः अन्नपूर्ण गाउँपालिकाको कार्यालय

**श्री भूमे आधारभूत विद्यालय**
**अन्नपूर्ण गाउँपालिका-९, सुदामे कास्की**
सम्पर्क नं.: प्र.अ. ९८१११५७४९४,९८४६९१४६१५ अध्यक्षः ९८४५१०७५६८